**आठौं जिल्ला सभा २०८१ को अवसरमा जिल्ला समन्वय प्रमुख श्री गंगाराम सुनार ज्यूले पेश गर्नु भएको गत आ.व. को यथार्थ आय-व्यय विवरण तथा चालु आ.व.०८१/८२ को प्रस्तावित आय-व्ययको विवरण एवं बजेट,कार्यक्रम,नीति तथा मार्गदर्शनहरु**

जिल्ला सभाका प्रमुख अतिथि एवं कर्णाली प्रदेशका मुख्यमन्त्री मा.यामलाल कंडेलज्यू,

जिल्ला सभाका सदस्यज्यूहरु,

अतिथि श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू

अतिथि जिसस महासंघ कर्णाली प्रदेश अध्यक्ष ज्यू

अतिथि सुरक्षा निकायका प्रमुखज्यू

श्री पिताम्बर ढकाल ज्यू,समाजसेवी तथा नागरिक समाजका अगुवा

..........................................अन्य

संचारकर्मी मित्रहरु

सुरक्षाकर्मी मित्रहरु

जिल्ला समन्वय अधिकारी लगायत जिल्ला समन्वय समितिका सम्पुर्ण कर्मचारीहरु एवं उपस्थित अन्य महानुभावहरु ।

- ❖ यस सुर्खेत जिल्लाको आठौं जिल्ला सभाको यस महत्वपूर्ण उद्घाटन कार्यक्रमको यस गरिमामय अवसरमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी आफ्नो व्यस्त समय प्रदान गरी सभाको गरिमा र शोभा बढाई हौसला साथै सल्लाह सुझाव प्रदान गर्न पाल्नुभएका प्रमुख अतिथिज्यू, लगायत सम्पूर्ण अतिथि महानुभावहरूलाई जिल्ला सभाका सदस्यहरुको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक आभार एवं कृतज्ञता ब्यक्त गर्दछु ।
- ❖ राज्यका महत्वपूर्ण घटना तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा विभिन्न राजनैतिक परिवर्तन र स्थानीय लोकतन्त्र मार्फत जनताको घरदैलोमा पुग्ने स्थानीय सरकार स्थापना गर्नका साथै यस कर्णाली प्रदेशलाई अलग प्रदेशको रुपमा स्थापित गर्न विभिन्न समय र कालखण्डमा मृत्युवरण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै स्मरण गर्न चाहान्छु ।
- ❖ यस गरिमामय सभामा जिल्ला समन्वय समितिको तर्फवाट नीति, मार्गदर्शन,कार्यक्रम एवं बजेटलाई यस सम्मानित अवसरमा प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्वित महसुस गरेको छु । यसका लागि निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने संघीय सरकारका मन्त्रीज्यूहरु, माननीय सांसद ज्युहरु, कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू,माननीय मन्त्री ज्यू एवं प्रदेश सभाका माननीय सदस्यज्यूहरु, जिल्ला सभाका सदस्य ज्यूहरु, जिल्लामा क्रियाशिल राजनैतिक दलहरु, जिल्ला स्थित संघीय तथा प्रदेश कार्यालयका प्रमुख ज्यूहरु,सरोकारवाला विकास साझेदार संघसंस्थाहरु एवं सुर्खेत जिल्लावासी सवै प्रति एक पटक पुन: आभार व्यक्त गर्दै सहयोग र समन्वयका लागि धन्यवाद प्रदान गर्न चाहन्छु ।

गंगाराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति सुर्खेत

आदरणीय महानुभावहरू,

- विकास सवैको सामूहिक प्रयासवाट हुन सक्दछ आजको समय भनेको समन्वय र सहकार्यको हो । सवैको गन्तव्यलाई सामूहिक प्रयास र प्रयत्नवाट हल गर्न सक्नुपर्दछ भन्ने मान्यताबाट यस जिल्लाको समग्र विकासमा हामी अगाडि वढि रहेका छौ र आगामी दिनमा पनि गन्तब्यमा पुग्नको लागि यसरी नै लागि पर्नेछौं भन्ने विश्वास प्रकट गर्दै नेपालको संविधानमा उल्लेखित साझा र एकल अधिकार क्षेत्र भित्र सवैतहका सरकारहरु बीच समन्वय र सहकार्य गरी समृद्ध नेपाल निर्माणमा हामी सबैको भूमिका सकारात्मक हुनेछ भन्ने विश्वास लिएको छु।
- सुर्खेत जिल्ला कृषि,शिक्षा, वन, पर्यटन, पशुपालन, जलश्रोत, उद्योग, व्यापारव्यवसायका लागि प्रचुर सम्भावना र अवसर भएता पनि जिल्लाको आर्थिक श्रोतको मूख्य आधार भनेको कृषि नै रहेको पाईन्छ । विकासका प्रचुर सम्भावनाहरु हुंदाहुदै पनि भौगोलिक विकटता, आर्थिक परनिर्भरता, सामाजिक सांस्कृतिक विविधता र उपलव्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गर्न नसकेका कारणबाट जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको देखिदैन अझ पनि कैयौं क्षेत्र वर्ग तथा समुदायहरू विकासको मूलधारवाट पछाडि रहेको अवस्था विद्धमान छ । गरिवी र वेरोजगारी समस्या चुनौतिको रुपमा रहेको छ । यीनीहरुको सन्तुलित, समन्यायिक र क्षेत्रीय विकासको लागि निरन्तर रुपमा अघि वढ्नुपर्ने अवस्था रहेको छ ।
- विगतको जिल्ला विकास समितिले निर्वाह गर्दै आएको भूमिकामा संघियता कार्यान्वयनको क्रममा स्थानीय तहको पुन संरचना संगै व्यापक फेरवदल भएको छ । विगतमा विकास सम्वन्धि कार्यको नेतृत्व गर्दै र विभिन्न साझेदारहरुको बीच समन्वय गर्दै आएकोमा हाल आएर समन्वय, अनुगमन तथा स्थानीय तहहरुको क्षमता विकासमा जिल्ला समन्वय समितिको भूमिका सिमित भएको छ ।
- नेपालको संविधानमा उल्लेख गरिएका व्यवस्थाहरुको आधारमा नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारद्वारा विभिन्न समयमा दिइने जिम्वेवारी र भूमिकाका आधारमा जिल्ला समन्वय समितिले आगामी कार्य सञ्चालन गर्ने नै छ ।

यस कार्यक्रमका आदरणिय प्रमुख अतिथीज्यू, अतिथिज्यूहरु एवं सभाका सदस्य ज्यूहरु, म यस पछि जिल्ला समन्वय समितिको आन्तरिक स्रोत, नेपाल सरकारबाट प्राप्त अनुदान, जिल्ला समन्वय समितिको गत आ.व. को यथार्थ आय-व्यय र चालु आ.व.०८१/८२ को प्रस्तावित आय-व्ययको विवरण तथा जिल्ला समन्वय समितिमा हाल रहेको वित्तीय अवस्थाको वारेमा संक्षिप्त प्रस्तुत गर्न चाहान्छु ।

- चालुखर्च तर्फ जिल्ला समन्वय समितिको आ.व.२०८०/०८१ मा जि.स.स.अनुदान, सेवा निवृत कर्मचारीहरुको सेवासुविधा तथा कर्णाली प्रदेश सरकार सहित गरेर कुल रु.१,९२,९९,०५८।०० (अक्षरुपी एक करोड बयानब्वे लाख उनान्सय हजार दुई सय अन्ठाउन्न रुपैया) विनियोजन भएकोमा आ.व.को अन्त सम्ममा रु. १,६३,७१,२२४।१८ (अक्षरुपी एक करोड त्रिसठ्ठी लाख एकहत्तर हजार दुई सय चौबिस रुपैया अठार पैसा) खर्च भई बाँकि रु. २९,२७,८३३।८२ (अक्षरुपी उनान्तीस लाख सत्ताइस हजार आठ सय त्तेत्तीस रुपैया बयासी पैसा) फ्रिज हुन गएको छ । यस आ.व.०८१/८२ मा जि.स.स.अनुदान, सेवा निवृत

गंगाराम सुनार
जि.स.स.प्रमुख

कर्मचारीहरुको सेवासुविधा तथा कर्णाली प्रदेश सरकार सहित गरेर रु. १,५४,०२,०००।०० (अक्षरुपी एक करोड चौउन्न लाख दुइ हजार) विनियोजन भएको छ ।

- कार्य सञ्चालन कोषतर्फ आ.व. २०८०/०८१ मा आ.व. २०७९/०८० को मौज्दात रु. २,३७,२४,२६९।१५ (अक्षरुपी दुइ करोड सैतिस लाख चौविस हजार दुई सय उनान्सत्री रुपैया पन्ध्र पैसा) र आ.व. २०८०/०८१ को आम्दानी रु. ८५,५९,०८६।०० (अक्षरुपी पचासी लाख उनान्साठी हजार छयासी रुपैया) गरी जम्मा आम्दानी रु. ३,२२,८३,३५५।१५ (अक्षरुपी तीन करोड वाइस लाख त्रियासी हजार तीन सय पच्पन्न रुपैया पन्ध्र पैसा) भएकोमा आ.व.०८०/८१ मा रु.३२,९६,४२२।०० (अक्षेरुपी बत्तीस लाख छयानब्बे हजार चार सय बाइस रुपैया) खर्च भै आ.व.२०८०/०८१ को अन्त सम्म रु. ३,०७,४२,११३।१५ (अक्षरुपी तीन करोड सात लाख बयालिस हजार एक सय तेरह रुपैया पन्ध्र पैसा) कोषमा मौज्दात रहेकोमा आ.व.०८१/०८२ को असोज मसान्तसम्म रु.१,८९,३००।०० (अक्षेरुपी एक लाख उनानब्बे हजार तीस सय रुपैया) आम्दानी भई हाल मौज्दात रकम रु. ३,०९,३१,४१३।१५ (अक्षेरुपी तीन करोड नौं लाख एक्तिस हजार चार सय तेरह रुपैया र पन्ध्र पैसा) रहेको छ ।
- धरौटी तर्फ आ.व. २०७९/८० को जिम्मेवारी रु. ४३,८६,८४८।४५(अक्षरुपी त्रिचालीस लाख छयासी हजार आठ सय अठ्चालिस रुपैया पैचालिस पैसा) रहेकोमा यस वर्ष को आम्दानी रु.१९,७७५।००(उन्नाइस हजार सातसय पहत्तर रुपैया) सहित जम्मा धरौटी मौंज्दात रकम रु.४४,०६,६२३।४५(अक्षरुपी चौंवालिस लाख छ हजार छ सय तेइस रुपैया पैतालिस पैसा) रहेकोमा यस बर्ष रु.६,६५,४४८।०० (अक्षेरुपी छ लाख पैसठ्ठी हजार चार सयम अठचालिस रुपैया) धरौटी फिर्ता भई आ.व. २०८०/०८१ को अन्तमा रु. ३७,४१,१७५।४५ (अक्षरुपी सैतीस लाख एकचालिस हजार एक सय पचहत्तर रुपैया पैचालीस पैसा) बाँकी रहन गएको छ।
- राजस्व तर्फ आ.व.२०८०/०८१ मा अन्य प्रशासकिक सेवा शुल्क बापत रु.३,०००।००(अक्षरुपी तीन हजार रुपैया) आम्दानी भएको छ ।

**आदरणीय महानुभावहरू,**

अब म आ.व.०८०/८१मा जिल्ला समन्वय समितिबाट सम्पादन भएका केहि महत्वपूर्ण पहल कदमीहरुको बारेमा संक्षिप्त रुपमा राख्ने अनुमति चाहान्छु ।

- संघ, प्रदेश र स्थानीय तहसँग विभिन्न विषयमा समन्वय तथा सहजिकरण गर्ने काम भएको ।
- संघ, प्रदेश र स्थानीय तहबाट संचालन भएका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको अनुगमन तथ मूल्यॉंकन गरेको ।
- स्थानीय तहहरुबाट भएको नदिजन्य पदार्थहरुको बिक्रि वितरण कार्य र जिल्ला भित्र संचालनमा रहेव स्थायी तथा अस्थायी क्रसर उद्योगहरुको अनुगमन तथा निरिक्षण गर्ने गरिएको ।
- प्रदेश सुशासन केन्द्रसँगको समन्वयमा स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्यांकन र वित्ती सुशासन जोखिम मूल्यांकन सम्बन्धि कार्य गरेको।

गगाराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति
सुर्खेत
२०७३

- जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको विनाशकारी भुकम्पवाट प्रभावित जनताहरुको लागि जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, जिल्ला समन्वय अधिकारी र कर्मचारीहरु उक्त क्षेत्रमा गई राहत सामाग्री (पाल) वितरण गरिएको।
- सुर्खेत जिल्ला स्थित संघीय कार्यालयहरु,संस्थानहरु तथा परियोजनाहरु,जिल्ला स्थित प्रदेश कार्यालयहरु,सबै स्थानीय तहहरु तथा गैर-सरकारी संघ/संस्थाहरुका प्रमुख तथा प्रतिनिधिज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको ।
- मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/८२) कार्यान्वयन सम्वन्धी समितिको बैठक उक्त समितिका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न गरिएको ।
- पञ्चपुरी नगरपालिकाका नगरप्रमुख श्री लालविर भण्डारीज्यूको अध्यक्षता र जिल्ला समन्वय समितिका प्रमुखज्यूको प्रमुख आतिथ्यतामा नगरउपप्रमुख, जिल्ला समन्वय अधिकारी, उक्त पालिकाको कार्यक्षेत्र भित्र पर्ने आयोजना प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु र सम्वन्धित पालिकाका शाखा प्रमुखज्यूहरुको उपस्थितिमा विविध एजेण्डाहरुमा व्यापक छलफल सहित समन्वयात्मक वैठक सम्पन्न गरिएको ।
- समय समयमा कार्यालय परिसर भित्र सरसफाई गर्ने र अन्य दैनिक प्रशासनिक कार्यहरु सम्पादन गरिएको ।
- महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ,सुरक्षा परिषद प्रस्ताव नं.-१३२५ र १८२० को दोश्रो कार्ययोजना कार्यान्वयन सम्वन्धी कार्यविधी तयार गरी सुर्खेत स्थित सवै पालिकाहरुमा स्थानीय तह स्तरको समिति गठन गरेको ।
- सुचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ र सुचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम अनिवार्य स्वप्रकाशन गर्नुपर्ने विवरणहरु नियमित प्रकाशन गरिएको ।
- जिल्ला समन्वय समितिको आन्तरिक आम्दानी (विविध कोषा)लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट संघीय सञ्चित कोषमा जम्मा गर्न गरिएको परिपत्र वमोजिम संञ्चित कोषमा रु.२,५२,००,०००।०० भन्दा बढी रकम दाखिला गरेको ।

**आदरणीय महानुभावहरू,**

जिल्ला समन्वय समितिले अपेक्षित रूपमा लक्ष्य अनुसार उपलब्धी हासिल गर्ने क्रममा केही चुनौतीहरूको सामना गर्नुपरेको छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- सिमित स्रोत साधन तथा असीमित आवश्यकता तथा जनताको वढ्दो चाहनालाई सम्वोधन गर्न जिल्ला समन्वय समितिलाई प्रयास अधिकारहरु नहुनु तर जनताको अपेक्षा विगतको जस्तै यथावत रहि रहनु,
- जिल्ला समन्वय समितिलाई संविधान बमोजिम तोकिएका अधिकारहरु कार्यान्वयनमा आवश्यक कार्यविधि,निर्देशिका र मापदण्ड निर्माण कार्यमा कानूनी वैधता माथि द्विविधा उत्पन्न हुनु।
- नेपालको संविधानमा समन्वय, सन्तुलन, अनुगमन कार्यमा जिम्मेवारी तोकिएको भए पनि समन्वयका क्षेत्रहरु प्रष्ट नहुनु, अनुगमनबाट देखिएका विषयहरु पेश गर्ने निकाय र कार्यान्वयन के कसरी हुने जस्ता विषय अहिले पनि अनुत्तरित रहनु ।

गणराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति
सुर्खेत
२०७४

- ❖ प्राविधिक कर्मचारीको पदपूर्ति नहुँदा कार्यालयको काम सहित अन्य विकास निर्माण लगायतको कार्यको अनुगमन तथा मूल्यांकन कार्य प्रभावित हुनु ।
- ❖ संघीय सरकारबाट जिल्ला समन्वय समितिको संस्थागत क्षमता अभिवृद्धि गराउने पहल नभएको ।
- ❖ जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा रहेका भवन,जग्गा एवं अन्य सम्पतिहरुको संरक्षण गरी आन्तरिक आय वृद्धि गर्ने क्रममा विभिन्न समस्या र कानुनी व्यवधानहरु वेहोर्नु परेता पनि जिल्ला समन्वय समितिको कार्यालयलाई आवश्यक बजेट खर्च गर्ने समेत अधिकार नदिएको।
- ❖ साविकको जिल्ला विकास समितिको स्वामित्वमा रहेका भवन,जग्गा एवं अन्य सम्पतिहरुको संरक्षण तथा अन्य बिषयमा विभिन्न मुद्दा मामिलाहरु हाल जिल्ला समन्वय समिति जवाफदेहि रहनु पर्ने भएकोले कानुनी सल्लाहकार राख्न सकिने कानूनमा व्यवस्था भए पनि कानुनी सल्लाहकारका लागि पारिश्रमिक दिने वजेट व्यवस्था नभएको ।
- ❖ संघीय, प्रदेश र स्थानीय तहहरुले जिल्ला समन्वय समितिसँग समन्वय तथा सहजिकरण गर्न औचित्य नदेखिएको ।
- ❖ विभिन्न विकास योजना/कार्यक्रम तथा नदीजन्य गिट्टीबालुवा उत्खनन कार्यहरुमा अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी दिए पनि नियमनको अधिकार नभएको ।
- ❖ साविकको जिल्ला विकास समितिदेखि नै जीर्ण अवस्थामा रहेको कार्यालय भवन तथा आवास भवनहरुको मर्मत सम्भारमा बजेट अभाव रहेको ।

**आदरणीय महानुभावहरु,**

नेपालको संविधान २०७२ को धारा २२० उपधारा ७ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ संशोधन सहितको दफा ९२ उपदफा १ वमोजिम गठित जिल्ला सभाको काम,कर्तव्य र अधिकारहरुको अधिनमा रहि जिल्ला समन्वय समिति सुर्खेतले आ.व.०८१/०८२ मा सञ्चालन गरिने कार्यक्रमहरु तथा यस आ.व.मा लिइने नीति तथा मार्गदर्शन स्वीकृतीका लागि यस सम्मानित सभामा पेश गर्न चाहान्छु ।

<u>तपसिल</u>

**क) सुशासन, मानव संशाधन, संस्थागत विकास तथा सूचना र संचार**

- ➤ सबै स्थानीय तहको संस्थागत व्यवस्थित योजनाबद्ध विकासका लागि स्थानीय तहको समष्टिगत आवधिक योजना, पार्श्वचित्र (प्रोफाइल) नगर/गाउँ यातायात गुरुयोजना, शहरी विकास योजना, भू-उपयोग योजना, पोषण पार्श्वचित्र, मध्यकालीन खर्च संरचना, व्यवस्थित आवास विकास सहितका गुरु योजनाहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ➤ स्थानीय तहहरुबाट सम्पादन हुने हरेक योजना तथा कार्यक्रमहरुको तोकिए अनुसार ठूला योजनाहरुमा काम शुरु हुनु भन्दा अगाडी नै होडिङ्गबोर्ड राख्ने, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो सुन्ने र

गोरासिंह सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति
सुर्खेत
२०७४

समाधान गर्ने परिपाटीको व्यवस्थित सघन र प्रभावकारी अनुगमन प्रणाली स्थापना गरी पार्दशिता, सुशासन र जवाफदेहितामा जोड दिईनेछ।

➢ संघीय सरकारको नीति अनुरुप जिल्ला समन्वय समितिलाई जिल्लाको सन्तुलित विकास, समन्वय, अन्तर स्थानीय तहको समन्वय, क्षमता विकास, सम्पूर्ण विकास निर्माण कार्यको अनुगमन, तथ्याङ्क संकलन एवं प्रतिवेदन तयारी र गैरसरकारी संस्थाहरुको अनुगमन कार्यमा प्रभावकारी उपयोग गर्नका लागि थप श्रोत र विषय विज्ञहरु सहितको आवश्यक पर्ने कानून र जनशक्ति व्यवस्थापन गर्न संघ र प्रदेश सरकारसँग अनुरोध गरिनेछ।

➢ जिल्लामा सञ्चालन भएका विकास योजना तथा कार्यक्रमहरुमा एकरुपता कायम गर्न, असल अभ्यास एवं सिकाइ अनुभवको आदन प्रदान गर्न एवं भौगोलिक अनुभव गराउने उदेश्यले प्रत्येक महिनामा प्रत्येक स्थानीय तहहरुमा पालैपालो गरी सबै पालिका प्रमुखहरु तथा सरोकारवालाहरुको सहभागितामा अन्तरपालिका समन्वयात्मक बैंठकको आयोजना गरिनेछ।

➢ गाउपालिका तथा नगरपालिकाको कार्य प्रकृया र उपलब्धीको लेखाजोखा गरि शासकिय प्रकृया र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गरि पालिकाहरु बिच स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गराउने उदेश्यले कार्यान्वयनमा रहेको संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट सञ्चालित **स्थानीय तह क्षमता स्वमूल्यांकन (Local Government Institutional Capacity Self-Assisment)** कार्यक्रममा जिल्लाबाट सबै भन्दा उत्कृष्ट पालिका (एक नगरपालिका र एक गाउपालिका) लाई प्रत्येक बर्ष सम्मान तथा पुरस्कृत गरिने छ।

**ख) पूर्वाधार विकास**

➢ जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका भौतिक संरचनाहरुलाई मर्मतसम्भार गर्नु पर्ने भएकाले जि.स.स. मौज्दात कोषबाट कार्यालय परिसरमा रहेका भौतिक संरचनाहरु एंव जि.स.स.को स्वामित्वमा रहेका अन्य भौतिक संरचनाहरु मर्मत सम्भार गरी थप व्यवस्थित गरिनेछ।

➢ संघ तथा प्रदेश सरकार, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तथा जिल्लाका विषयगत कार्यालयहरुबाट सञ्चालित आयोजनाहरु गुणस्तरीय, प्रभावकारी र तोकिएको समयमा कार्यान्वयन गर्नको लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्व र प्रतिनिधि तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरुको उपस्थितिमा, राजनीतिक दल, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, गै.स.स. महासंघ, नागरिक समाजका प्रतिनिधि र विषय विज्ञहरु रहेको एक संयुक्त सुपरिवेक्षण तथा अनुगमन संयन्त्रको गठन गरिनेछ। जिल्लाको नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा दोहनको नियन्त्रण तथा अनुगमन गर्न समेत उक्त समिति परिचालित हुनेछ।

➢ भौतिक पूर्वाधारका निर्माण योजना/परियोजनाहरुको DPR तथा ईष्टिमेट तयार गर्दा नै वातावरण संरक्षण नियमावली अनुसार आवश्यक पर्ने IEE, EIA गर्ने र सडक लगायत हरेक पूर्वाधार योजना निर्माण गर्न पूर्व उक्त योजनाको लागतको न्यूनतम दश प्रतिशत बजेट उक्त रकमबाट सोही योजना क्षेत्रमा वृक्षारोपण, रिटेनिङ्गवाल,

गंगाराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति
सुर्खेत
२०७४

बायोइन्जिनियरिङ जस्ता क्रियाकलापहरुलाई वातावरण व्यवस्थापन योजना (EMP) संलग्न गरी योजना कार्यान्वयन गर्ने व्यवस्था गरिने छ।

➤ जथाभावी नयाँ सडक निर्माण गर्ने परिपाटीलाई निरुत्साहित गर्दै सडक पूर्वाधारको स्तरोन्नति र सडक निर्माण कार्यमा तोकिएको मापदण्ड कडाइका साथ पालना गर्न सम्बन्धित निकायहरुलाई निर्देशन गरिनेछ।

➤ सडक सुरक्षा,ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक मापदण्ड तथा रणनीति तर्जुमा गर्न स्थानीय तह लगायत प्रदेश सरकार र संघीय सरकारमा समन्वय गरिनेछ।

➤ संघीय सरकार,प्रदेश सरकार तथा स्थानीय तहहरु एवं विकास साझेदार निकायहरुमा विगत लामो समयदेखि काम नभएको, निर्माण व्यवसायीहरुले काम नगरेको, बजेट अभावका कारणले अधुरा रहेको तथा विवादमा परि योजना सम्पन्न गर्न नसकेका योजना/आयोजनाहरुको यथार्थ विवरण सम्बन्धित निकायहरुबाट माग गरी योजना/आयोजनाहरुको पुन कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक प्रक्रियाका लागि पहल गरिनेछ।

**ग) उद्योग तथा पर्यटन विकास**

➤ जिल्लाको ऐतिहासिक, धार्मिक, पुरातात्विक, संस्कृतिक तथा पर्यटकिय रुपले जिल्लाकै प्रमुख पर्यटकिय धरोहर कांक्रेबिहारको प्रबर्द्धन, संरक्षण तथा पर्यटकिय पूर्वाधार विकासका लागि सम्पुर्ण सरोकारवालाहरुको पहलमा एक राष्ट्रिय सम्मेलनको आयोजनाका लागि पहल गरिनेछ।

➤ स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा जिल्ला स्तरका पर्यटकीय क्षेत्रको पहिचान तथा खोजी अनुसन्धान कार्यमा समन्वय तथा सहजीकरण गरिनेछ।

**घ) आर्थिक विकास**

➤ संघ, प्रदेश र स्थानीय तहको समन्वयमा रोजगारीको लागि सरकारी, निजि क्षेत्रको साझेदारी लगानीमा जिल्लास्तरमा स्वरोजगार परामर्श केन्द्र स्थापना गरी उद्यमशीलता, सीप विकास र उत्पादनमूलक परियोजनाहरु सञ्चालन गरी रोजगारीका अवसरहरु सृजना गर्न पहल गरिनेछ।

➤ द्धन्द पिडित, दलित, लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न समुदायहरुका लागि सिपमुलक एवं जिविकोपार्जन गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्न सरोकारवालाहरुसँग सहजीकरण तथा समन्वय गरिनेछ।

**ङ) सामाजिक विकास**

➤ जिल्ला समन्वय समितिको नेतृत्व र सरोकारवालाहरुको सहभागीतामा सामुदायिक विद्यालयहरुको संयुक्त सुपरिवेक्षण र अनुगमन गर्ने संयन्त्र निमार्ण गरी अनुगमन मार्फत विद्यालयस्तरमा पारदर्शीता कायम गर्न विद्यालयको वार्षिक प्रगति समीक्षा, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ।

➤ द्धन्द पिडित, दलित, लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न समुदायका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि र प्रोत्साहनका लागि स्थानीय सरकार सहित प्रदेश सरकार तथा संघीय सरकारमा समेत पहल गरिनेछ।

जि.स.स.प्रमुख

➢ जिल्लाका सबै स्थानीय तहहरुमा विभिन्न लक्षित समुदाय/वर्गहरुका लागि कूल अनुदानको कम्तीमा दश प्रतिशतभन्दा कम नहुने गरी बजेट विनियोजन गरी उनीहरुसँग स्थानीय सरकारको अन्तरसम्बन्ध, आत्मीयता तथा साथीत्वभाव कायम गरी गुनासो र समस्याहरु सुन्ने वातावरणका लागि द्वन्द पीडित तथा एकल महिलाहरुसँग उपमेयर/उपाध्यक्ष कार्यक्रम, दलित, जनजाति तथा विपन्न वर्गसँग स्थानीय सरकार जस्ता जनतासँग साक्षात्कार हुने कार्यक्रमहरु सञ्चालनका लागि प्रोत्साहित गरिनेछ।

➢ बालमैत्री,छाउपडीमुक्त,छुवाछुत,बालविवाहमुक्त पालिका घोषणा गर्न स्थानीय तहहरुलाई प्रोत्साहित तथा सहजीकरण गरिनेछ।

➢ जिल्ला स्थित वास्तविक हलियाहरुको पहिचान गरी हलियामुक्त जिल्ला घोषणा गर्न स्थानीय तह तथा साझेदार संघसंस्थाहरुसँग समन्वय तथा सहजीकरण गरिनेछ।

➢ विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरुबाट सञ्चालनमा गरिने कार्यक्रमहरु बिच समन्वय कायम गर्नका लागि स्थानीय तहहरुको सहभागितामा अन्तरक्रिया तथा छलफल गरिने कार्यलाई निरन्तरता दिइने छ।

**च) वन तथा वातावरण**

➢ विभिन्न निकायहरुबाट निर्माण भैरहको सडक पूर्वाधार, खानेपानी, टेलिफोन लाइन विस्तार तथा विद्युतिकरण लाइन विस्तार गर्ने क्रममा योजनामा परेका रुख विरुवाहरु हटाउन वा लगत कट्टा गर्न वन क्षेत्रबाट कानुनी अवरोध हुदै आएको कार्यलाई सरोकारवालाहरुको सहभागितामा कानून संशोधन लगायतका कार्यमा सहजीकरण गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

धन्यवाद !
गंगाराम सुनार
प्रमुख
जिल्ला समन्वय समिति सुर्खेत ।

*२०८१ मंसिर १० गते सोमबार*

अनुसूची-१

दफा ४ को उपदफा २ सँग सम्बन्धित

आठौं जिल्ला सभा २०८१

कार्यसूची

बैठक संख्या : ०१-२०८१/०८२ बैठक स्थान : जिसस सभाहल,सुर्खेत

अध्यक्षता श्री गंगाराम सुनार,जिसस प्रमुख ज्यू

| मिति | बैंठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०८/१० | बिहान ८:३० | ❖ आ.व. २०८०/०८१ को यथार्थ आय-व्यय अनुमोदन र आ.व. २०८१/०८२ को प्रस्तावित आय-व्यय स्वीकृत सम्बन्धमा।<br>❖ आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा छलफल।<br>❖ आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा<br>❖ आगामी आ.व.का लागि नीति तथा मार्गदर्शनहरु।<br>❖ जि स सको कार्यालय भवन तथा अन्य पूर्वाधारहरु मर्मतका लागि बजेट व्यवस्था सम्बन्धमा।<br>❖ बेरुजु असुली तथा धरौटी सम्बन्धमा।<br>❖ विविध सम्बन्धमा। | | |
| | | | | |

## मिति २०८१/०८/ १० गते जिल्ला सभा २०८१ को पारित निर्णयहरु

**निर्णय नं.-१**

जिल्ला समन्वय समिति,सुर्खेतबाट स्वीकृतिका लागि प्रस्तुत भएको जिल्ला सभा बैठकको लागि पेश हुने कार्यसूची स्वीकृती गर्ने।

- आ.व. २०८०/०८१ को यथार्थ आय-व्यय अनुमोदन र आ.व. २०८१/०८२ को प्रस्तावित आय-व्यय स्वीकृत सम्बन्धमा।
- आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा छलफल।
- आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा।
- आगामी आ.व.का लागि नीति तथा मार्गदर्शनहरु।
- जि स सको कार्यालय भवन तथा अन्य पूर्वाधारहरु मर्मतका लागि बजेट व्यवस्था सम्बन्धमा।
- बेरुजु असुली तथा धरौटी सम्बन्धमा।
- विविध सम्बन्धमा।

**निर्णय नं.-२**

जिल्ला समन्वय समिति तथा जिल्ला समन्वय समितिको कार्यालय,सुर्खेतवाट आ.व.०८१/०८२ को शुरुदेखि हालसम्म भए गरेका निर्णय तथा कामकाजहरु अनुमोदन गर्ने ।

**निर्णय नं.-३**

यस जिल्ला सभामा छलफल एवम् स्वीकृतिको लागि पेश भएको जिल्ला समन्वय समिति सुर्खेतको देहाय बमोजिमको आ.व. २०८०/०८१ को यथार्थ आय-व्यय विवरण एवं चालु आ.व.२०८१/०८२ को प्रस्तावित आय-व्यय विवरण तथा आ.व. २०८१/०८२ को अनुमोदन तथा स्वीकृत गर्ने

**तपसिल**

**क) आ.व. २०८०/०८१ को यथार्थ आय-व्यय विवरण**

| बजेट उपशिर्षक नं. | कुल विनियोजन रकम रु. | कुल खर्च रु. | बाँकी रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| जि स स अनुदान (संघीय) | १,९२,९९,०५८।०० | १,६६,९०,९१४।८२ | २६,०८,१४३।८२ | ८६.४८ % |
| प्रदेश अनुदान | ६,००,०००।०० | २,७०,३१०।०० | ३,२६,६९०।०० | ४५.०५ % |
| कार्यसञ्चालन कोष(विविध) | ३,२२,८३,३५५।१५ | १५,४१,२४२।०० | ३,०७,४२,११३।१५ | ४.७७ % |

**ख) आ.व. २०८१/०८२ को प्रस्तावित बजेट विवरण**

| क्र.स. | बजेट उपशिर्षक नं. | खर्च शिर्षक | कार्यक्रम | विनियोजन बजेट रकम रु. | संशोधित बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | जि स स अनुदान(संघीय सरकार तर्फ) | | १,४९,०२,०००।०० | | |

गजराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति
सुर्खेत

गंगाराम सुनार
जि.स.स.प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| अ) अनिवार्य दायित्व सहितका कार्यालय सञ्चालन | | | | | |
| क | 5.1.3.1 | पानी बिजुली | २५२००० | २५२००० | |
| ख | 5.1.3.1 | सञ्चार | ७५००० | ७५००० | |
| ग | 5.1.3.1 | सवारी साधन मर्मत संभार | ८७०००० | ७००००० | घट |
| | | मर्मत संभार(कम्प्यूटर, प्रिन्टर, ल्यापटप, झ्यालढोका तथा फर्निचर आदि मर्मत) | १८३६०० | २००००० | थप |
| घ | 5.1.3.1 | कार्यालय सामान | ४४४००० | ५४३००० | थप |
| ङ | 5.1.3.1 | इन्धन | ८४०००० | ७००००० | घट |
| च | 5.1.3.1 | बिमा तथा सवारी नविकरण | १०५४०० | १००००० | घट |
| छ | | पुस्तक खरिद,प्रकाशन तथा छपाइ | ० | २००००० | थप |
| | 5.1.3.1 | विविध | ३३४००० | ३३४००० | |
| | | जम्मा | ३१,०४,०००।०० | ३१,०४,०००।०० | |
| आ) अनुगमन तथा भ्रमण | | | | | |
| क | 5.1.4.2 | अनुगमन तथा मुल्यांकन खर्च | ८७३००० | | |
| | | जम्मा | ८,७३,०००।०० | | |
| इ) कर्मचारी र पदाधिकारीहरुको तलब/पारिश्रमिक तथा विभिन्न भत्ता | | | | | |
| क | | तलब/पारिश्रमिक तथा विभिन्न भत्ता | १००८९००० | | |
| | | जम्मा | १,००,८९,००० | | |
| ई) कार्यक्रम(समिक्षा बैठक) | | | | | |
| क | 5.1.4.1 | कार्यक्रम खर्च | ३,८८,०००।०० | | |
| उ) करार सेवा शुल्क(निजी सचिवालय) | | | | | |
| क | 5.1.2.2 | करार सेवा शुल्क(तलब भत्ता) | ४०६७६० | | |
| ख | 5.1.2.3 | करार सेवा शुल्क(पोशाक भत्ता) | १०००० | | रु.३१२४० |
| | | जम्मा | ४,१६,७६०।०० | | |

गंगाराम सुनार
जि.स.स.प्रमुख

| क्र. स. | बजेट उपशिर्षक नं. | खर्च शिर्षक | कार्यक्रम | बजेट रकम रु. | जम्मा बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | ३०५०३०११३ | प्रदेश सरकार तर्फ | | | | |
| | अ) अनुगमन तथा मुल्यांकन कार्य | | | | ५,००,०००।०० | |
| | क | 2.8.1.1 | अनुगमन तथा मुल्यांकन कार्य,प्रतिवेदन तथा निरीक्षण खर्च | ५००००० | | |
| | | | जम्मा | ५००००० | | |

| क्र. स. | बजेट उपशिर्षक नं. | खर्च शिर्षक | कार्यक्रम | बजेट रकम रु. | जम्मा बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | आन्तरिक श्रोत तर्फ | | | | | |
| | अ) राजश्व बाँडफाँड(जि.स.स.मौज्दात कोष) | | | | ५५,२४,८७६।६३ | |
| | क | | जि.स.स.को कार्यालयको पुर्वी पर्खाल पुनर्निर्माण | १५१६००० | | |
| | ख | | जि.स.स.को कार्यालय भवनको रंगरोगन तथा मर्मत | ५५०००० | | |
| | ग | | जिल्ला समन्वय समिति आवास मर्मत तथा रंगरोगन | २०००००० | | |
| | घ | | जि.स.स.को कार्यालय भवन परिसरमा सौन्दर्यीकरण तथा मर्मत | ५००००० | | |
| | ङ | | अन्य आकस्मिक मर्मत संभार कार्य (साझेदारी) | ९५८८७७ | | |
| | | | जम्मा | ५५२४८७७ | | |
| | आ) आन्तरिक कोष(विविध आम्दानी) | | | | | |
| | क | | संघीय सञ्चित कोष दाखिला | २,५२,१७,२३६।५२ | | |
| | | | जम्मा | २,५२,१७,२३६।५३ | | |

**निर्णय नं.-४**

जिल्ला सभाबाट आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी लेखापरीक्षकबाट औल्याईएका सैद्धान्तिक बेरुजुका सम्बन्धमा आगामी आर्थिक वर्षहरुमा कानूनले तोकेका प्रक्रियाहरु अबलम्बन गर्दै आफ्नो वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पेश गर्ने ।

अगाराम सुनार
जि.स.स.प्रमुख

**निर्णय नं.-५**

यस जिल्ला समन्वय समितिले आ.व. २०८१/०८२ मा सम्पादन गर्नुपर्ने कार्यहरुका सम्बन्धमा तपसिल बमोजिमको वार्षिक कार्ययोजना तयार गरी सोही बमोजिम कार्यान्वयन गर्ने गरी बार्षिक कार्ययोजना अनुमोदन गर्ने।

**तपसिल**

| सि.न. | कार्य विवरण | वार्षिक लक्ष्य | | चौमासिक | | |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिणाम | प्रथम | दोश्रो | तेश्रो |
| १. | स्थानीय तहसँग समन्वयात्मक बैठक | पटक | ४ | १ | २ | १ |
| २. | गैर सरकारी संस्थाहरु अनुगमन | पटक | ४ | १ | २ | १ |
| ३. | अनुगमन तथा मूल्याङ्कन | पटक | १२ | ४ | ४ | ४ |
| ४. | पुराना कागज धुल्याउने | पटक | १ | १ | ० | ० |
| ५. | पुराना जिन्सी सामाग्री लिलाम विक्रि गर्ने | पटक | १ | ० | १ | ० |
| ६. | बेरुजु फर्छौट गर्ने | प्रतिशत | ८० | २० | २० | ४० |
| ७. | जिल्ला समन्वय समितिको बैठक | पटक | १२ | ४ | ४ | ४ |
| ८. | जिल्ला सभा बैठक | पटक | १ | ० | १ | ० |
| ९. | नदिजन्य पदार्थ जिल्ला अनुगमन समिति बैठक | पटक | ६ | १ | ३ | २ |
| १०. | वार्षिक समिक्षा बैठक | पटक | १ | ० | १ | ० |
| ११. | कार्यालय परिसर सरसफाई | पटक | १२ | ४ | ४ | ४ |
| १२. | आवास तथा जग्गा भाडा संकलन | प्रतिशत | १०० | ३३ | ३३ | ३४ |
| १३, | सवारी साधन मर्मत | आवश्यकता अनुसार | | | | |
| १४. | जिन्सी सामान खरिद | खरिद योजना अनुसार | | | | |
| १५. | कम्प्यूटर/प्रिन्टर मर्मत | आवश्यकता अनुसार | | | | |

**निर्णय नं.-६**

जिल्ला स्थित संघीय कार्यालयहरु एवं प्रदेश कार्यालयहरु,सवै नगरपालिका तथा गाउँपालिका, लगायत जिल्लामा सक्रिय रहेका राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरु एवं विकास साझेदारहरुलाई समेत मार्गदर्शन हुने गरी जिल्ला समन्वय समितिबाट पेश भएको **नीति तथा मार्गदर्शन** सर्वसम्मत स्वीकृत गर्ने ।

**निर्णय नं.-७**

जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका भौतिक संरचनाहरुलाई मर्मत सम्भार गर्नु पर्ने भएकाले जि.स.स. मौज्दात कोषबाट देहायका भौतिक संरचनाहरु एंव जि.स.स.को स्वामित्वमा रहेका अन्य भौतिक संरचनाहरु मर्मत सम्भार गर्न देहायमा उल्लेखित बजेट तथा योजना स्वीकृत गर्ने ।

गंगाराम सुनार
जि.स.स.प्रमुख

जिल्ला समन्वय समिति गोरखा
गंगाराम सुनार
जि.स.स.प्रमुख

तपसिल

| क्र.स. | कार्यक्रम | बजेट रकम रु. | जम्मा बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | अ) राजश्व बाँडफाँड(जि.स.स.मौज्दात कोष) | | ५५,२४,८७६।६३ | |
| क | जि.स.स.को कार्यालयको पुर्वी पर्खाल पुनर्निर्माण | १५१६००० | | |
| ख | जि.स.स.को कार्यालय भवनको रंगरोगन तथा मर्मत | ५५०००० | | |
| ग | जिल्ला समन्वय समिति आवास मर्मत तथा रंगरोगन | २०००००० | | |
| घ | जि.स.स.को कार्यालय भवन परिसरमा सौन्दर्यीकरण तथा मर्मत | ५००००० | | |
| ङ | अन्य आकस्मिक मर्मत संभार कार्य (साझेदारी) | ९५८८७७ | | |
| | जम्मा | ५५,२४,८७७।०० | | |

**निर्णय नं.-८**

सुशासन प्रवर्द्धन गर्नका लागि बेरुजु एउटा प्रमुख समस्याको रुपमा रहेको हुँदा सबै स्थानीय तहहरुलाई साविकका गा.वि.स.बाट हस्तान्तरण भएको बेरुजु समेतको स्पष्ट रुपमा लगत संकलन तथा कुल बेरुजु यकिन गरी म.ले.प. ले औंलाएका नियमित गर्नुपर्ने र असुल उपर गर्नुपर्ने बेरुजु नियमित गर्न वा फछर्यौट गर्नको लागि सबै स्थानीय तहलाई अनिवार्य रुपमा वार्षिक बेरुजु फछर्यौट कार्ययोजना तयार गरी अविलम्ब कार्यान्वयन गर्नको लागि आवश्यक समन्वय तथा नियमनको लागि कार्यपालिकाको सिफारिस सहित गाउँसभा तथा नगरसभामा पेश गरी बेरुजु कम गराउन स्थानीय तहहरुलाई निर्देशन गर्ने।

**निर्णय नं.-९**

जिल्ला सभामा पेश हुने देहायका विविध बिषयमा गरेका निर्णय प्रस्तावहरु:

क) साविकको जिल्ला विकास समितिको कार्यालय हाल जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा रहेका भवन तथा आवासहरु जीर्ण अवस्थामा रहेको र कतिपय संरचनाहरुको संरक्षण तथा सुरक्षाका लागि कम्पाउण्डवाल समेत लगाउनु पर्ने भएको साथै भवन तथा आवास भवनहरु भाडामा दिनु पर्ने हुंदा समेत मर्मतसुधार तथा निर्माण गर्न अति आवश्यक भएको तर भवन तथा आवास भाडा वापत उठाएको रकम खर्च गर्न समेत अधिकार नभएकोले बजेट अभाव भएको हुंदा देहायका भवन तथा आवासहरु मर्मत गर्न एवं कम्पाउण्डवाल निर्माणका लागि लागत स्टिमेट अनुसार बजेट ब्यवस्था हुन सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने।

गंगाराम सुनार
जि.स.स.प्रमुख

बजेट अभावका कारणले कार्यान्वयन हुन नसकेका योजना/कार्यक्रमहरु

| सि.नं. | कार्यक्रम | बजेट रकम रु. | जम्मा बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | आ) बजेट अभावले सञ्चालन गर्न नसकेका योजनाहरु | | | |
| क | जिसस सभाहल साउण्ड सिस्टम, रंगरोगन र जेनेरेटर व्यवस्थापन तथा अपांगमैत्री शौचालय निर्माण | ५५००००० | मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय,कर्णाली प्रदेश । | |
| ख | जिससको कार्यालयको पश्चिम र दक्षिण कम्पाउण्ड वाल मर्मत (नगरपालिकासँग पर्खाल जोडिएको) | १०००००० | वीरेन्द्रनगर नगरपालिका | |
| ग | जिसस सुचना केन्द्र भवनको ट्रस निर्माण | २०००००० | जिसस महासंघ कर्णाली प्रदेश | |
| घ | जिसस आवास चारैतिर कम्पाउण्ड वाल तथा गेट निर्माण | ३५००००० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय,कर्णाली प्रदेश | |
| ङ | जिसस आवास अख्तियार कर्मचारी बसेको भवन मर्मत कार्य | ५५०००० | | |
| च | जिसस प्रमुख क्वाटर तथा अतिथी गृह मर्मत | ६५०००० | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार,काठमाडौं । | |
| छ | जिल्ला समन्वय अधिकारी आवास मर्मत तथा रंगरोगन | | | |
| | जम्मा | १३२००००० | | |

ख) विभिन्न संघीय तथा प्रादेशिक कार्यालयहरु मार्फत सञ्चालन हुने स-साना टुक्रे योजनाहरुको कारण ठूला योजनाहरुको अनुगमन सुपरिवेक्षण तथा मूल्यांकनमा बाधा पर्न गएको हुँदा **रु.१५ लाख भन्दा मुनिका** योजनाहरुलाई सम्बन्धित स्थानीय तहहरुबाट सञ्चालन गर्ने व्यवस्थाका लागि संघीय सरकार तथा कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने।

ग) बैंक तथा वित्तीय संस्थाहरुले साना किसानहरुको नगर तथा राजमार्गले नछोएको जग्गा धितो मूल्यांकन नगरि दिदा साना किसानहरु ऋण लिनबाट बञ्चित भएको गुनासो आएकोले ऋण लगानी गर्दा निजहरुको नाममा रहेको नगर मार्ग तथा राजमार्गले नछोएको कृषि उत्पादन योग्य जग्गा समेतलाई धितो राखी लगानी गर्न संघीय तथा कर्णाली प्रदेश सरकारलाई र नेपाल राष्ट्र बैंकलाई समेत अनुरोध गर्ने।

घ) सुर्खेत जिल्लालाई छिमेकी जिल्लासँग जोडने सडक तथा जिल्लाका रणनीतिक महत्त्वका तपसिल बमोजिमका सडकहरु निर्माण गरी छिमेकी जिल्लाहरुको आर्थिक तथा व्यवसायिक सम्बन्ध सहज एवं मजबुत गर्न नितान्त आवश्यक भएको हुनाले पक्की सडकको रुपमा उक्त सडकहरु निर्माणका लागि संघीय सरकार तथा कर्णाली प्रदेश सरकारसँग निरन्तर रुपमा समन्वय गर्ने।

गंगाराम सुनार
जि.स.स.प्रमुख

तपसिल

- बड्डीचौर गुठुबेनीघाट डोटी सडक (बाँकी सडक कालोपत्रे)
- कल्यानकाँध भक्तडी धनरोस डोटी सडक (बाँकी सडक कालोपत्रे)
- कैलाली चिसापानी कुइने बाबियाचौर जंगलाघाट मंगलसेन सडक (बाँकी सडक कालोपत्रे)
- चिसापानी गुट्टु जंगलाघाट अछाम जोड्ने सडक(बाँकी सडक खण्डको स्तरोन्नति)
- चिसापानी पुच्मा टटाली सडक अछाम सडक(बाँकी सडक खण्डको स्तरोन्नति)
- गंगटे आरुनटुडा ढाँडखेत थाला जाजरकोट सडक (बाँकी सडक खण्डको स्तरोन्नति)
- गोजी देउली काफलकोट खनेटा जाजरकोट हुलाकी सडक(बाँकी सडक खण्डको स्तरोन्नति)
- नेवारे धरमपोखरा गर्पन कोप्ची कचाली जाजरकोट सडक (बाँकी सडक खण्डको स्तरोन्नति)
- बोटेचौर मालारानी काल्चे सल्यान सडक (बाँकी सडक खण्डको स्तरोन्नति)
- फलाटे तेलपानी भुरीगाउँ बर्दिया सडक (बाँकी सडक कालोपत्रे)

ङ) सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिकामा रहेको बाबियौर इलाका प्रशासन कार्यालयमा विगत धेरै बर्षदेखि अधिकृत दरबन्दी हुदाहुदै पदपुर्ति नभएकोले नागरिकता,राष्ट्रिय परिचय पत्र तथा अन्य प्रशासनिक कार्य गर्न कठिनाई भएकोले जिल्ला सुरक्षा समिति मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने ।

च) नगरपालिकाहरु तथा गाउँपालिकाहरुमा सुशासनको सूचकहरुको रुपमा स्थापित सार्वजनिक सुनुवाई तथा स्वमूल्यांकन समय सिमामा गर्ने नीतिगत व्यवस्थालाई कडाईका साथ लागु गर्ने ।

छ) सुर्खेत जिल्लाभर रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको विद्यार्थीको अनुपातमा न्यून विद्यार्थी रहेका विद्यालयहरुको समायोजन कार्ययोजना तयार गरी सम्बन्धित स्थानीय तहले उक्त विद्यालयहरु समायोजन गर्न आवश्यक नीति नियमहरु तर्जुमा गरी विद्यालयहरु समायोजन गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

ज) सुर्खेत जिल्लाभर रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुका जीर्ण रहेका भवनहरु तथा भौतिक पूर्वाधारको पुनर्निर्माण तथा मर्मत सम्भारको लागि स्थानीय तहहरुको मागको आधारमा संघीय सरकार तथा कर्णाली प्रदेश सरकारसँग अनुरोध गर्ने ।

झ) साविकको जिल्ला विकास समितिलाई २०५९ सालमा डासु/डेनिडा कार्यक्रमबाट हस्तान्तरण भै हाल जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा रहेको भे १ झ १७४ नं. को प्राडो जीप विगत देखि यस कार्यालयले प्रयोग गर्दै आईरहेको हाल उक्त जीप पुरानो भई काम नचल्ने अवस्थामा रहेकोले जिल्लामा संघीय सरकार, प्रदेश सरकार, जिल्लाका सम्पूर्ण स्थानीय तहहरु तथा गैरसरकारी संघ/संस्था लगायतका निकायहरुबाट सञ्चालित योजना र कार्यक्रमहरुको सघन र प्रभावकारी अनुगमन गर्न असजिलो भएको हुँदा उक्त जीप मर्मत सम्भारको लागि आवश्यक **रकम रु.१५ लाख विनियोजन** हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालय,सिंहदरबार,काठमाडौंसँग अनुरोध गर्ने ।

ञ) स्थानीय तहहरुको आगामी आर्थिक वर्ष ०८२/०८३ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी आ-आफ्नो गाउँ/नगर सभाबाट स्वीकृत गर्ने चरणमा यसरी सबै स्थानीय तहहरुले नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पञ्चबर्षीय योजना, दीगो विकास लक्ष्य तथा राष्ट्रिय प्रादेशिक प्राथमिकताका अतिरिक्त सुर्खेत जिल्लाको आठौं जिल्ला सभाबाट पारित भएका जिल्लाका प्राथमिकता,

गंगाराम सुनार
जि.स.स.प्रमुख

जिल्ला विकासका साझा प्रतिबद्धता, नीति तथा कार्यक्रम एवं मार्गदर्शनहरुलाई समेत मुख्य आधार बनाई नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न सम्पूर्ण स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

ट) सुर्खेत जिल्लामा सञ्चालन भएका संघीय तथा प्रदेश सरकार मातहतका विभिन्न आयोजना तथा योजनाहरुको सघन रुपमा अनुगमन गर्नको लागि प्रदेश सरकारले आवश्यक कानून निर्माण गरी जिल्ला समन्वय समितिलाई विषय विज्ञ सहितको श्रोत साधन युक्त बनाउनको लागि कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने ।

ठ) संघीय सरकार,प्रदेश सरकार तथा स्थानीय तहहरु एवं विकास साझेदार निकायहरुमा विगत लामो समयदेखि काम नभएको, निर्माण व्यवसायीहरुले काम नगरेको, बजेट अभावका कारणले अधुरा रहेके तथा विवादमा परि योजना सम्पन्न गर्न नसकेका योजना/आयोजनाहरुको यथार्थ विवरण सम्बन्धित निकायहरुबाट माग गरी योजना/आयोजनाहरुको पुन कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गर्ने प्रस्ताव । जस्तै - बराहताल लिफ्ट सिंचाई आयोजना,रेक्चा खानेपानी आयोजना,पञ्चपुरी जलविद्युत आयोजना,मंगलगढी काक्रेबिहार सडक निर्माण आयोजना,भेरीगंगा बसपार्क निर्माण आयोजना,चौंकुने सिमेन्ट उद्योग,बेतन हाइड्रोपाउर निर्माण आयोजना आदि ।

ड) विगत ८ बर्षदेखि अवरुद्ध निर्माणाधिन कैलालीबाट लाइन विस्तार गरिएको ३३ के.भी. विद्युत लाइन विस्तारका लागि सरोकारवालाहरु सबै निकायहरुलाई यथाशिघ्र विद्युत लाइन विस्तार गरी बत्ती बाल्ने कार्यमा सहयोग गर्न अनुरोध गर्ने प्रस्ताव ।

ढ) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम संघीय संरचना कार्यान्वयन भएदेखि जिल्ला समन्वय समितिबाट बर्षको एक पटक जिल्ला सभाको आयोजना सम्पन्न गरिदै आएको भएता पनि प्रत्येक बर्ष बजेट अख्तियारी ढिलो प्राप्त हुने एवं जिल्ला समन्वय समितिबाट कार्यालय सञ्चालनका लागि खर्च गर्ने आन्तरिक श्रोत समेत नहुने भएकोले आगामी आ.व.को लागि गरिनु पर्ने नियमित जिल्ला सभा गर्न ढिला हुने भएकोले चालु आ.व.मै दोश्रो जिल्ला सभा बसी आगामी आ.व.देखि जिल्ला सभा नियमित गर्ने उदेश्यले पुनः पुरक जिल्ला सभा सञ्चालन गर्न थप बजेट व्यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने ।